श्री साझा सेवा (सहकारी संस्था) लि.
केन्द्रीय कार्यालय, बल्खु, काठमाडौं ।

**विषय : घर भाडा (वहाल) मा लिनको लागि सिलबन्दी दरभाउपत्र पेश गरेको ।**

महोदय,

त्यस संस्थाबाट मिति २०८०/०८/०५ मा टाँसिएको सूचना अनुसार साझा सेवा (सहकारी संस्था) लि., को ककनी गाउँपालिका, रानीपौवा बजार वडा नं.४ स्थित मुख्य सडकमा रहेको तपशिल बमोजिमको पसल कवल (भुईंतल्ला) र पहिलोतल्ला सूचनामा संलग्न शर्तहरुको अधिनमा रही तपशिल अनुसार वहालमा लिन मञ्जुर भएकोले सिलबन्दी गरी पेश गरेको छु/छौं ।

**तपशिलः-**

**घर भाडामा लिन मञ्जुर गरेको भाडा दर**

| वहालमा लगाउने पसल कवल | क्षेत्रफल | वहालमा लिन चाहेको मासिक भाडा अङ्क (रु.) | वहालमा लिन चाहेको मासिक भाडा अक्षरमा (रु.) |
|---|---|---|---|
| पसल कवल (भुइँतल्ला) | | | |
| कवल १ : ११' ×११' | १२१ वर्ग फिट | | |
| कवल २ : १२' ×१२' | १४४ वर्ग फिट | | |
| कवल ३ : १२' ×२०' | २४० वर्ग फिट | | |
| कवल ४: १२' ×१४' | १६८ वर्ग फिट | | |
| पहिलोतल्लास्थित कोठाहरु | | | |
| कोठा १: २३' ×१२' | २७६ वर्ग फिट | | |
| कोठा २: २१' ×१२' | २५२ वर्ग फिट | | |
| कोठा ३: १७' ×१२' | २०४ वर्ग फिट | | |
| कोठा ४: १९' ×१२' | २२८ वर्ग फिट | | |
| कोठा ५ १८' ×१२' | २१६ वर्ग फिट | | |
| कोठा ६ १७' ×१२' | २०४ वर्ग फिट | | |

**कम्पनी/फर्म भएमा**

फर्मको नामः

प्रोपराइटरको नामः

दस्तखतः

ठेगानाः

फोन नं.:

**सिलबन्दी दरभाउपत्रदाताको**

नामः

दस्तखतः

ठेगानाः

फोन नं.:

मितिः

# साझा सेवा (सहकारी संस्था) लि.
# केन्द्रीय कार्यालय, बल्खु, काठमाडौं

**योजना** : घर भाडा (वहाल) मा लगाउने सम्बन्धी ।
**स्थान** : ककनी गाउँपालिका, रानीपौवा
**सूचना प्रकाशित मिति** : २०८०/०८/०५

**<u>घर भाडा (बहाल) मा दिने सम्बन्धी सामान्य शर्तहरु :-</u>**

१. संस्थाको सर्तको अधिनमा रही भाडामा लिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट कम्पनी दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र नागरिकताको प्रतिलिपि सहित सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन पूनः दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले १५ औं दिन (२०८०/०८/१९ गते) दिनको ३:०० बजे कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालय, काठमाडौंमा पेश गर्नुपर्नेछ ।

२. दरभाउपत्र सिलबन्दी गरी खाम बाहिर दरभाउपत्रदाताको नाम र ठेगाना स्पष्ट लेख्नुका साथै विषयमा "घर भाडामा लिने बारेको सिलबन्दी दरभाउपत्र" भनी स्पष्ट लेखी १५ औं दिन (२०८०/०८/१९) दिनको ३:०० बजे कार्यालय समयभित्र संस्थाको केन्द्रीय कार्यालय, काठमाडौंमा दर्ता गर्नुपर्नेछ । निर्धारित समयभित्र रीतपूर्वक प्राप्त हुन आएका दरभाउपत्रहरु १६ औं दिन २०८०/०८/२० गते अपरान्ह १२:३० बजे उपस्थित भएका सिलबन्दीपत्रदाता (निवेदक) र कार्यालयका कर्मचारीको रोहवरमा खोलिनेछ । सिलबन्दी दरभाउपत्र वा निजको प्रतिनिधिहरुको अनुपस्थिति भएमा पनि सिलबन्दीपत्र खोल्न कुनै बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट सोही अनुसार हुनेछ ।

३. सिलबन्दी दरभाउपत्रमा मासिक भाडा खुलाई रकम अङ्क र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । अङ्क र अक्षर दुवै स्पष्ट नभएमा दरभाउपत्र रद्द गरिनेछ ।

४. दरभाउपत्र स्वीकृत भएका निवेदकले सूचना पाएको ७ दिनभित्र आफूले कवोल गरेको मासिक भाडा रकमको ३ महिना बराबरको रकम धरौटी स्वरुप केन्द्रीय कार्यालय, काठमाडौं, पाटन शाखा, पुल्चोकस्थित हिमालयन बैंकको खाता च.हि.नं. ००६००४१३०९००१३ मा दाखिला गरी सक्कल बैंक भौचर सहित सम्झौता गर्न आउनुपर्नेछ । उक्त जमानत रकम सम्झौताको म्याद समाप्त भए पछि फिर्ता गरिनेछ ।

५. घर प्रयोग गर्दा आवश्यक पर्ने बत्ती, पानी, फोहोरमैलाको व्यवस्थापन बहालवाला स्वयंले गर्नुपर्नेछ ।

६. घर वहालमा लिई गरिने व्यवसायबारे स्पष्ट उल्लेख गर्नुपर्नेछ । संस्थालाई प्रतिकूल हुने र नेपाल सरकारले प्रतिबन्ध लगाएको व्यवसाय गर्न पाइने छैन ।

७. हुल हुज्जत हुने, बढी हल्ला खल्ला हुने र फोहरमैला हुने खालका व्यवसाय गर्न पाइने छैन ।

८. बहाल रकम प्रत्येक महिनाको पहिलो हप्ताभित्र भुक्तानी गरि सक्नुपर्नेछ ।

९. घर वहाल कर (टिडिएस) वाहेक कानून बमोजिम अन्य कुनै कर तिर्नुपर्ने भएमा वहालबाला स्वयंले तिर्नुपर्नेछ ।

१०. सम्झौताको अवधि ४ वर्षको हुनेछ र सम्झौताको प्रत्येक २ वर्षपछि १० प्रतिशतका दरले बहाल रकममा वृद्धि हुनेछ ।

११. संस्थालाई उक्त पसल कवल वा कोठाहरु आवश्यक परेमा वा बहालवालालाई आवश्यक नभई छोड्नु परेमा ३० दिनको पूर्व सूचना दिई छुटाउन वा छाड्न सकिनेछ ।

१२. सिलबन्दी दरभाउपत्र स्वीकृत/अस्वीकृत सम्बन्धी सम्पूर्ण अधिकार साझा सेवा (सहकारी संस्था) लि. मा रहनेछ ।

१३. सिलबन्दी नभएको, म्याद नाघी आएको, दस्तखत नभएको, रीत नपुगेको दरभाउपत्र उपर कारवाही हुने छैन ।

१४. यस विषयमा अरु कुनै किसिमको कुराहरु बुझ्नु परेमा साझा सेवा (सहकारी संस्था) लि.केन्द्रीय कार्यालय, बल्खु, काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

दस्तखतः

नामः

फोन नं.:

मितिः

छापः